# स्थानीय राजपत्र

## देवघाट गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ९ संख्याः १५ मितिः २०८२/०९/२८

भाग — १

## देवघाट गाउँपालिकाको धार्मिक संस्था दर्ता तथा व्यवस्थापन ऐन, २०८२

## देवघाट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ

गण्डकी प्रदेश, नेपाल

# देवघाट गाउँपालिकाको धार्मिक संस्था दर्ता तथा व्यवस्थापन ऐन, २०८२

गाउँसभाबाट स्वीकृत मिति: २०८२/०९/२५

प्रमाणीकरण र प्रकाशन मिति: २०८२/०९/२८

**प्रस्तावनाः**

देवघाट गाउँपालिकाभित्र रहेका ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्वका धार्मिक संस्थाको संरक्षण, प्रवर्द्धन र व्यवस्थापन गर्न वाञ्छनीय भएकोले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी देवघाट गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

## परिच्छेद १:
## संक्षिप्त नाम, प्रारम्भ र व्याख्या

**१. संक्षिप्त नाम र प्रारम्भः**(१) यो ऐनको नाम "देवघाट गाउँपालिकाको धार्मिक संस्था दर्ता तथा व्यवस्थापन ऐन, २०८२" रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

क. "धार्मिक संस्था" भन्नाले गाउँपालिकाको भुगोल भित्र रहेका कुनै पनि ऐतिहासिक, पुरातात्विक धार्मिक सम्पदा, मठ, मन्दिर, आश्रम, गुम्बा, चैत्य, चर्च लगायत धार्मिक संस्थासम्झनुपर्दछ।

ख. 'गाउँपालिका' भन्नाले देवघाट गाउँपालिकाको कार्यालय सम्झनुपर्दछ।

ग. 'अध्यक्ष' भन्नाले देवगाट गाउँपालिकाको अध्यक्ष सम्झनुपर्दछ।

घ. “उपाध्यक्ष” भन्नाले देवगाट गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्दछ।

ङ. कार्यपालिका भन्नाले देवघाट गाउँपालाका गाउँ कार्यपालिका सम्झनुपर्दछ।

च. ”निर्देशक समिति” भन्नाले दफा १९ वमोजिम गठित समिति सम्झनुपर्दछ।

छ. “अनुगमन तथा सुपरीवेक्षण समिति” भन्नाले दफा २० वमोजिम गठित समिति सम्झनुपर्दछ।

ज. “संचालक समिति” भन्नाले धार्मिक संस्थाको संचालक समिति सम्झनुपर्दछ ।

झ. 'वडा अध्यक्ष' भन्नाले धार्मिक संस्था रहेको वडाको वडा अध्यक्ष सम्झनुपर्दछ ।

ञ.'कार्यक्षेत्र' भन्नाले धार्मिक संस्थाको नाममा दर्ता रहेको वा भोग स्वामित्व रही समितिको क्षेत्राधिकारभित्र पर्ने कार्यक्षेत्र सम्झनुपर्दछ।

ट. 'सम्बन्धित शाखा' भन्नाले देवघाट गाउँपालिकाको धार्मिक पर्यटन तथा संस्कृति हेर्ने सम्वन्धि शाखा सम्झनुपर्दछ।

ठ. “धार्मिक क्षेत्र' भन्नाले ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय क्षेत्रका रूपमा प्रसिद्धि प्राप्त गरेको मन्दिर, गुम्वा, चैत्य,चर्च लगायत आसपासका धार्मिक संस्थाको भौतिक संरचना, यसको परिसर र धार्मिक क्षेत्र सम्झनुपर्दछ।

ड. “तोकिएको" वा “तोकिए बमोजिम " भन्नाले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

**३. संगठित धार्मिक संस्था मानिनेः** (१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक धार्मिक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ। सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(२) धार्मिक संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र वेचबिखन गर्न सक्नेछ।

(३) धार्मिक संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालीस उजूर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालीस उजूर लाग्नेछ।

## परिच्छेद-२
## धार्मिक संस्थाको दर्ता

**४. धार्मिक संस्था दर्ता गर्नुपर्नेः** (१) यस ऐन बमोजिम कसैले पनि धार्मिक संस्था दर्ता नगरी संचालन गर्न पाईनेछैन।

(२) यो ऐन प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानून बमोजिम दर्ता नभई स्थापना भएका वा सञ्चालनमा रहेका धार्मिक संस्थाले यो ऐन प्रारम्भभएको मितिले तीन महिनाभित्र यो ऐन बमोजिम दर्ता गराउनु पर्नेछ।

(३) अन्य प्रदेशको कुनै जिल्लामा दर्ता भएका कुनै धार्मिक संस्थाले यस गाउँपालिकामा काम गर्नु परेमा यो ऐन बमोजिम दर्ता गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम दर्ता भएका धार्मिक संस्थाले आफूले काम गर्ने स्थानीय तहमा समेत सूचीकृत हुनुपर्नेछ।

(५) उपदफा (४) बमोजिम सूचीकृत हुँदा धार्मिक संस्थाको विधान, दर्ता प्रमाणपत्र समेत संलग्न राखी आफूले गर्ने कामको उद्देश्य र समुदायमा पर्ने प्रभाव समेत खुलाई सूचीकृत हुन आवेदन गर्नुपर्नेछ।

(६) उपदफा (५) बमोजिम सूचीकृत हुन आवेदन गरेमा गाउँपालिकाले धार्मिक संस्थाको अभिलेख तोकिए वमोजिम राखु पर्नेछ।

**५. धार्मिक संस्थाको स्थापना गर्ने आधारहरुः** (१) धार्मिक संस्था दर्ता गर्न चाहने कुनै सातजना वा सोभन्दा बढी व्यक्तिहरुले संस्था सम्बन्धी देहायको विवरण खुलाई त्यस्ता संस्थाको विधानको एक प्रति र तोकिएको दस्तुर सहित गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछः-

(क) धार्मिक संस्थाको नाम,

(ख) उद्देश्य,

(ग) तदर्थ समितिका सदस्यहरुको नाम ठेगाना र पेशा,

(घ) आर्थिक श्रोत,

(ङ) कार्यालयको ठेगाना।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि गाउँपालिकाले आवश्यक जाँचबुझ गरी धार्मिक संस्था दर्ता गर्न उचित ठानेमा दर्ता गरी दर्ताको प्रमाण-पत्र दिनेछ।

(३) यस दफा अन्तर्गत दिइने प्रमाणपत्रको ढाँचा, अवधि, नवीकरण र नवीकरण दस्तूर तोकिए बमोजिम हुनेछ।

**६. धार्मिक संस्थाको उद्देश्यमा हेरफेरः** (१) धार्मिक संस्थाको उद्देश्यमा हेरफेर गर्न आवश्यक देखेमा वा सो धार्मिक संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो संस्थाको सञ्चालक समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न सो संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुइ तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ।

तर, सो प्रस्ताव लागू गर्न गाउँपालिकावाट स्वीकृती लिनु पर्नेछ।

## परिच्छेद-३

## धआर्मिक संस्थाको सम्पत्ति तथा आर्थिक व्यवस्थापन

**७. धार्मिक संस्थाको सम्पत्तिः** (१) धार्मिक संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले धार्मिक संस्थाको विधान विरुद्ध सम्पत्तिको दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा गाउँपालिकाले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्ने व्यक्तिवाट फिर्ता लिई धार्मिक संस्थालाई बुझाउनेछ।

(२) उपदफा (१) बमोजिमको धार्मिक संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी गाउँपालिकाले गरेको कारवाहीमा चित्त नबुझ्ने व्यक्तिले ३५ दिन भित्र जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

(३) कुनै धार्मिक संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध गैर कानूनी काम गरेमा सो संस्था, संस्थाको कुनै

सदस्य वा संस्था दर्ता अधिकारीले प्रचलित कानून बमोजिम मुद्दाको कारवाही चलाउन सक्नेछ।

**८. कोष सम्बन्धी व्यवस्था:** (१)नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिका, सरकारी तथा गैरसरकारी संस्था, विदेशी सरकार वा संस्था, अन्तर्राष्ट्रिय संस्था वा निकाय वा विदेशी व्यक्ति वा भक्तजनहरूबाट प्राप्त सहयोग, आफ्नो चलअचल सम्पत्तिबाट आर्जन हुने रकमलगायत अन्य स्रोतबाट प्राप्त रकम सम्बन्धित धार्मिक संस्थाको बैंक खातामा जम्मा गर्नुपर्नेछ तर विदेशी सरकार वा संस्था, अन्तर्राष्ट्रिय संस्था वा निकाय वा विदेशी व्यक्तिसँग आर्थिक सहायता लिनुअघि संघीय कानून बमोजिम स्वीकृति लिनुपर्नेछ।

(२)धार्मिक संस्थालाई प्राप्त भएका सबै रकम सो संस्थाको नाममा नेपाल राष्ट्र बैंक बाट मान्यताप्राप्त बैंकमा खाता खोली जम्मा गर्नुपर्नेछ।

(३) धार्मिक संस्थाले आफ्नो उद्देश्य अनुरूपको कार्यक्रम सञ्चालन गर्नको लागि तथा धार्मिक संस्था तर्फबाट गर्नुपर्ने सबै खर्चहरू बैंकिङ्ग प्रणाली मार्फत गर्नुपर्नेछ।

(४) धार्मिक संस्थाको बैंक खाता सो संस्थाको अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(५) धार्मिक संस्थाको खातामा रहेको संचित बचत आम्दानी रकमको न्यूनतम दश प्रतिशत रकम प्रत्येक आवमा सम्वन्धित वडा वा धार्मिक क्षेत्रको सार्वजनिक विकास एव पूँजिगत कार्यमा खर्च गर्ने गरी गाउँपालिका वा वडा कार्यालयको समन्वयमा व्यवस्था मिलाउन सक्नेछ।

(६) धार्मिक संस्थाले गरेको आम्दानी तथा खर्चको विवरण नियमित रुपमा गाउँपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ।

**९. लेखा र लेखा परीक्षण:** (१) धार्मिक संस्थाको आय व्ययको लेखा स्वीकृत ढाँचामा राख्नुपर्नेछ।

(२) संस्थाको आय व्ययको वार्षिक लेखा परीक्षण आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र नेपाल

सरकारबाट मान्यता प्राप्त लेखा परीक्षकबाट गराउनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखा परीक्षणको प्रतिवेदन समितिले १ महिना भित्र गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

**१०. आय व्याय जाँच गर्ने**: (१) गाउँपालिकामा प्राप्त भएको लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा गाउँपालिकाले थप कुरा भुझन आवश्यक देखेमा जुनसुकै बखत संस्थाको वार्षिक हिसाबकिताब जाँच्न वा जँचाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आय व्यय जाँच गराए वापत गाउँपालिकाले तोकिए बमोजिम दस्तूर सम्बन्धित धार्मिक संस्थावाट असूल गर्न सक्नेछ ।

(३) आय व्यय जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ सम्बन्धित धार्मिक संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीले दिनु पर्नेछ ।

(४) आय व्यय जाँच गर्ने अधिकृतले गाउँपालिकाले तोकिदिएको म्याद भित्र आय व्यय जाँचको प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(५) धार्मिक संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको प्रतिवेदनमा देखिएमा गाउँपालिकाले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानि नोक्सानि असुल उपर गर्न कानून बमोजिम कारवाही चलाउन पर्नेछ ।

तर प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन सम्बन्धित निकायलाई लेखी पठाउनु पर्नेछ ।

**११. सेवा शुल्क दस्तुर सम्बन्धी:** (१)यो ऐन लागु हुनु पुर्व प्रचलित नेपाल कानून बमोजिम धार्मिक संस्था गर्दाका बखत दर्ता वा नवीकरण शुल्क दस्तुरमा छुट भनी लेखिएकोमा सोही बमोजिम हुने र अरुमा प्रचलित आर्थिक ऐन नियम बमोजिम शुल्क दस्तुर लिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम लिईने शुल्क दस्तुर गाउँपालिकाको संचित कोषमा जम्मा हुनेछ ।

## परिच्छेद-४

## धार्मिक संस्थाको भौतिक निर्माण तथा संरक्षण सम्बन्धी व्यवस्था

**१२. नयाँ धार्मिक संस्थाको भौतिक संरचना निर्माण गर्न सक्नेः** (१) गाउँपालिका क्षेत्र भित्र कुनै धार्मिक सम्प्रदाय तथा जनजाति सँग सम्बन्धित धार्मिक संस्थाहरु जीर्ण भई लोप हुने अवस्थामा रहेकोमा गाउँपालिकाले त्यस्ता धार्मिक संस्थाको नयाँ भौतिक सरचनाहरुको निर्माण गर्न लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका धार्मिक संस्था सम्बन्धी नयाँ भौतिक संरचनाहरु निर्माण गर्नु पर्ने भएमा सम्बन्धित समुदायवाट आवश्यक मापदण्ड पुरा गरेको प्रमाण सहित प्रस्ताव माग गर्नु पर्नेछ र सो सम्बन्धमा गाउँपालिकाले आवश्यक अध्यायन गरी लोप हुन लागेको भन्ने लागेमा गाउँपालिकाले त्यस्तो संरचना निर्माणको लागि पहल गर्न सक्नेछ ।

(३) माथि उपदफा (१) र (२) मा जुन सुकै कुरा लेखिएको भएता पनि गाउँपालिकामा रहेका पुराना ऐतिहासिक महत्व बोकेका धार्मिक संस्थालाई सोही रुपमा जीर्णोद्वार गर्ने कार्यवाहेक पुर्ववत अवस्थाको रुपनै विगारी नयाँ संरचना निर्माण गर्न पाईने छैन ।

**१३. पुराना धार्मिक संस्थाहरुको संरक्षण तथा मर्मत सम्भारः** (१) गाउँपालिका क्षेत्र भित्र रहेका विभिन्न धार्मिक सम्प्रदाय तथा जातजातिहरुसँग सम्बन्धित ऐतिहासिक पुराना मठमन्दिर, चैत्य, गुम्वा,चर्च लगायत सम्पदाको संरक्षण तथा मर्मत सम्भार सम्बन्धित समुदायको सहयोगमा गाउँपालिकाले गर्नेछ ।

(२) उपदफा (१) बमोजिम ऐतिहासिक धार्मिक संस्था तथा अन्य सम्पदाहरुको संरक्षण तथा मर्मत सम्भारको लागि तोकिएको मापदण्ड पुरा गरी सम्बन्धित समुदायले गाउँपालिकामा प्रस्तावना पेश गर्नु पर्नेछ ।

**१४. अतिक्रमण गर्न नहुनेः** (१) गाउँपालिका क्षेत्र भित्र रहेका धार्मिक संस्थाका नाममा रहेको चल अचल सम्पत्ति कुनै पनि कारणले कोही कसैले अतिक्रमण गर्न गराउन पाईने छैन ।

(२) उपदफा (१) बमोजिम कोही कसैले धार्मिक संस्थाको नाममा रहेको चल अचल सम्पति अतिक्रमण गरेमा त्यस्तो अतिक्रमण गरिएको सम्पति गाउँपालिकाले यस ऐन तथा

प्रचलित कानून बमोजिम फिर्ता गराउन सक्नेछ र कसैले यस ऐनको तथा प्रचलित कानूनको अवहेलना गरेमा गाउँपालिकाले सम्बन्धित निकाय संग त्यस्तो अतिक्रमित सम्पति संरक्षण गर्न आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम गाउँपालिकाले धार्मिक संस्थाका नाममा रहेको सम्पति फिर्ता गर्दा लागेको सम्पूण खर्च त्यस्तो अतिक्रमण गर्ने व्यक्ति वा संस्थावाट असुल उपर गर्न सक्नेछ ।

**१५. संस्थाको विघटन र त्यसको परिणामः** (१)यस ऐन लागू हुनुपूर्व दर्ता भएका वा ऐन लागु भएपछि दर्ता हुनेधार्मिक प्रकृतिका सार्वजनिक मठमन्दिर,आश्रम, गुम्बा, चैत्य,चर्च लगायत धार्मिक प्रकृतिका संस्थाले स्वीकृत विधान बमोजिम संचालन हुन नसकी वा अन्य कुनै कारणवस त्यस्तो धार्मिक संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा गाउँपालिकामा सर्ने छ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको धार्मिक संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले खामेसम्म त्यस्तो दायित्व गाउँपालिकाले व्यहोर्नेछ ।

(३) उपदफा (१) वमोजिम गाउँपालिकामा सर्न आएको जायजेथा तथा भौतिक सम्पत्तिको उपयोग गाउँपालिकाले आवश्यक निर्णय गरी प्रयोग गर्नेछ ।

## परिच्छेद-५

## मापदण्ड, स्वच्छ वातावरण तथा पर्यटकीय हवको रुपमा विकास सम्बन्धी व्यवस्था

**१६. मापदण्ड निर्धारण गरिनेः** (१) गाउँपालिका क्षेत्र भित्र रहेका पुराना ऐतिहासिक सम्पदा तथा धार्मिक संस्थाको नयाँ भौतिक संरचना निर्माण तथा मर्मत सम्भारको लागि देहाय बमोजिम व्यवस्थापन गर्न मिल्ने गरी जग्गा उपलब्ध भएको हुनु पर्नेछः

क) ऐतिहासिक सम्पदाको वरिपरि घेरवार गर्न मिल्ने,

ख) खुल्ला मैदान निर्माण गर्न सकिने गरी पऱ्याप्त जग्गा भएको,

ग) धार्मिक संस्थाको आफ्नै नाममा स्वामित्व भएको,

घ) सम्बन्धित संस्थाको प्राथमिकतामा रही डि.पि आर समेत तयार भएको हुनु पर्ने,

ङ) धार्मिक संस्थाका नाममा रहेको चल अचल सम्पत्ति खुलेको हुनु पर्ने,

च) धार्मिक संस्थाको नाममा रहेको चल अचल सम्पत्ति सार्वजनिक गरेको प्रतिवेदन गाउँपालिकामा पेश गरेको हुनु पर्ने,

छ) धर्मशाला लगायत अन्य आवश्यक भौतिक सरचना निर्माण गर्नको लागि पर्याप्त जग्गा भएको हुनु पर्ने ।

(२) उपदफा (१) बमोजिम मापदण्डहरु का साथसाथै अन्य आवश्यक मापदण्डहरु आवश्यकताको आधारमा गाउँपालिकाले निर्णय गरी तोक्न सक्नेछ ।

**१७. स्वच्छ वातावरण निर्माण गर्नु पर्नेः** (१) ऐतिहासिक धरोहर तथा धार्मिक संस्थाको वरिपरि सम्बन्धित क्षेत्रको माटो परीक्षण गरी विभिन्न खालका फलफूल तथा अन्य वोट विरुवाको वृक्षारोपण गरी हरियाली तथा स्वच्छ वातावरण निर्माण गर्नु पर्नेछ।

(२) ऐतिहासिक धार्मिक तथा ऐतिहासिक सम्पदाहरुको वरीपरी चारैतिर हरियाली वातावरणको लागि अनिवार्य बृक्षारोपण कार्यगर्नु पर्ने र त्यस्तो वृक्षारोपण गर्ने संरक्षण तथा सुरक्षा गर्ने जिम्मेवारी सम्बन्धित धार्मिक संस्था तथा समुदायको हुनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम वृक्षारोपण गर्न तथा धार्मिक संस्थाको सरक्षण, मर्मत सम्भार तथा नयाँ भौतिक संरचना निर्माणको लागि समुदायले आफै आर्थिक श्रोत व्यवस्थापन गरी गर्नुपर्नेछ ।

४) माथिका उपदफामा जुनसुकै कुरा लेखिएको भएतापनि ऐतिहासिक धार्मिक संस्थाको संरक्षण मर्मत सम्भार तथा नयाँ भौतिक संरचना निर्माणका लागि आवश्यक आर्थिक तथा प्राविधिक स्रोतको व्यवस्थापन गाउँपालिकाको लागत साझेदारी तथा सहभागिताको आधारमा गर्न सकिने छ ।

**१८. धार्मिक पर्यटकीय हवको रुपमा विकास गर्नु पर्नेः** (१) गाउँपालिका क्षेत्र भित्र रहेका पुराना ऐतिहासिक सम्पदा तथा धार्मिक संस्थालाई गाउँपालिकाको आन्तरिक आम्दानीमा

उल्लेख्य वृद्धि हुने गरी नयाँ भौतिक संरचना निर्माण, मर्मत सम्भार लगायत अन्य कार्यहरु धार्मिक पर्यटकीय हवको रुपमा विकास हुने गरी गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्य गर्दा गाउँपालिकाले धार्मिक पर्यटन विकासको अवधारणालाई मध्यनजर गरी आवश्यक निर्णय तथा मापदण्डहरु निर्धारण गरी तोक्न सक्नेछ।

## परिच्छेद-६

## निर्देशन समिति एवं अनुगमन तथा सुपरीवेक्षण समिति सम्बन्धी व्यवस्था

**१९. निर्देशक समिति सम्बन्धी व्यवस्थाः** (१) धार्मिक संस्थाको संरक्षण, सम्बर्द्धन तथा व्यवस्थापन गर्दै साँस्कृतिक पुरातात्विक धरोहरको रुपमा रहेका परम्परा देखि चलिआएको रितिस्थिति, चालचलन एवं सम्पूर्ण चल अचल सम्पत्तिको संरक्षणका लागि निर्देशन दिन देहाय बमोजिमको एउटा निर्देशन समिति गठन गरिनेछ।

क. गाउँपालिका अध्यक्ष – संयोजक

ख. कार्यपालिकाका सदस्यहरू मध्ये कम्तिमा एक जना महिला सहित २ जना -सदस्य

ग. धार्मिक संस्थाको सञ्चालक समितिका अध्यक्षहरू मध्ये कार्यपालिकाले तोकेको १ जना –सदस्य

घ. सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य

ङ. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको बरिष्ठतम अधिकृत -सदस्य सचिव

(२) निर्देशक समितिले दिएको निर्देशन पालना गर्नु सम्बन्धित धार्मिक संस्थाको कर्तव्य हुनेछ।

**२०. अनुगमन तथा सुपरीवेक्षण सम्बन्धी व्यवस्थाः** (१) धार्मिक संस्था व्यवस्थापन सञ्चालन लागत, परिमाण, समय सीमा र गुणस्तरीयताको आधारमा अनुगमन गरी पृष्ठपोषण दिनका लागि देहाय बमोजिमको अनुगमन तथा सुपरिवेक्षण समिति रहनेछः–

(क) गाउँपालिकाको उपाध्यक्ष – संयोजक

(ख) कार्यपालिकाले तोकेका एक जना महिला सहित कार्यपालिकाका सदस्यहरु मध्येबाट दुई जना – सदस्य

(ग) योजना शाखा प्रमुख – सदस्य

(घ) सामाजिक विकास शाखा प्रमुख –सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा आवश्यकता अनुसार नागरिक समाजका प्रतिनिधि, सञ्चारकर्मी र सम्बन्धित क्षेत्रका विज्ञ र सम्बन्धित शाखाको शाखा प्रमुखलाई आमन्त्रण गर्न सकिनेछ।

(३) समितिले आफ्नो कामलाई छिटोछरितो र प्रभावकारी बनाउन कार्यपालिकाबाट समितिमा प्रतिनिधित्व गर्ने सदस्य मध्येबाट संयोजक रहने गरी विषयगत रुपमा अनुगमन टोली गठन गरी जिम्मेवारी तोक्न सक्नेछ।

(४) यस दफा बमोजिम स्थलगत अनुगमन गर्दा सम्वन्धित धार्मिक संस्कृतिक तथा पर्यटन क्षेत्रमा संलग्न कर्मचारीलाई अनिवार्य सहभागी गराउनु पर्नेछ।

**२१. अनुगमन तथा सुपरीवेक्षण समितिको काम, कर्तब्य र अधिकारः** (१) धार्मिक संस्थावाट अपेक्षा गरिएको नतिजा प्राप्तिका लागि सहजीकरण गर्ने अनुगमन तथा सुपरिवेक्षण समितिको संयोजकको जिम्मेवारी हुनेछ।

(२) उपदफा (१) मा उल्लिखित कामका अतिरिक्त समितिका अन्य काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) गाउँपालिकाबाट सञ्चालित धार्मिक संस्था अनुगमनका लागि वार्षिक कार्यतालिका तयार गरी कार्यपालिकालाई जानकारी दिने,

(ख) कार्यतालिका अनुसार नियमित र आवश्यकता अनुसार आकस्मिक अनुगमन तथा निरीक्षण गर्ने,

(ग) अनुगमन तथा सुपरिवेक्षण कार्यलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार समितिका कृयाकलापहरुमा विज्ञलाई संलग्न गराउने,

(घ) अनुगमन सम्पन्न भएको सात दिनभित्र सोको प्रतिवेदन कार्यपालिकामा पेश गरी कार्यपालिकाको बैठकमा छलफल गर्ने गराउने,

(ङ) धार्मिक संस्थाको भौतिक संरचना निर्माणमा अनुगमनको क्रममा देखिएका विषयमा सुधारका लागि सम्बन्धित प्राविधिक तथा सम्बद्ध उपभोक्ता समिति, परामर्शदाता एवं निर्माण व्यवसायीलाई निर्देशन दिने,

(च) धार्मिक संस्थाको सञ्चालन तथा कार्यान्वयनको सन्दर्भमा देखा परेका विवाद वा समस्याहरुको समाधानका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने,

(छ) अनुगमन तथा सुपरिवेक्षणको क्रममा कुनै धार्मिक संस्थाको आर्थिक हिनामिना, अनियमितता वा तोकिएको मापदण्ड तथा गुणस्तर र परिमाण नभएको व्यहोरा यकिन हुन आएमा आवश्यक कारबाहीको लागि रायसहित कार्यपालिकामा पेश गर्ने,

(ज) अनुगमन कार्यको वार्षिक प्रतिवेदन तयारी गरी आर्थिक वर्षको अन्तिममा कार्यपालिकामा पेश गर्ने,

(झ) समितिको वार्षिक प्रतिवेदन प्रत्येक वर्षको श्रावण महिनाभित्र कार्यालयको वेबसाइट र अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्ने व्यवस्था मिलाउने।

## परिच्छेद ७

## निषेधित कार्यहरु

**२२. धार्मिक क्षेत्रभित्र निषेधित कार्यहरुः**

क. कसैले पनि परम्परा देखि चलिआएको धार्मिक सद्भावमा असर पर्ने गरी कुनै पनि कार्य सञ्चालन गर्न पाइनेछैन।

ख. धार्मिक संस्थाको स्वामित्वमा रहेको अचल सम्पत्ति जग्गामा कसैलाई बसोबास गर्न दिने गरी सम्झौता गर्न पाइने छैन । तर धार्मिक संस्थाको आय वृद्धिका लागि त्यस्तो धार्मिक संस्थाको अचल सम्पत्ति भाडामा वा लिजमा दिन वाधा पर्ने छैन ।

ग. धर्म संस्कृति विपरित हुने खालको व्यवसाय सञ्चालन गर्नका लागि जग्गा भाडामा दिन पाइने छैन ।

घ. धार्मिक क्षेत्रको रुख, विरुवा, बगैंचा कटान गर्न वा अरु कुनै प्रकारले नोक्सान पुऱ्याउन पाइने छैन ।

ङ. धार्मिक स्वामित्वको जग्गाबाट माटो वा अन्य पदार्थ हटाउन वा संरचना परिवर्तन हुने गरी कुनै पनि कार्यगर्न पाइने छैन ।

च. धार्मिक संस्थाको संरक्षण एवं सम्बर्द्धनका लागि बाहेक अन्य कामको लागि संस्थाको रकमखर्च गर्न पाइने छैन ।

## परिच्छेद ८

## दण्ड सजाय र पुनरावेदन

**२३. दण्ड सजायः** (१) दफा ४ बमोजिम दर्ता नगराई धार्मिक संस्था स्थापना गरेमा वा दर्ता नगरी धार्मिक संस्था संचालन गरेमा त्यस्ता संस्थालाई गाउँपालिकाले रु पाँच हजार रुपैयाँ जरीवाना गर्न सक्नेछ ।

(२) यस ऐन बमोजिम सम्बन्धित धार्मिक संस्थाले गाउँपालिकामा पेश गर्नुपर्ने लेखा परीक्षण प्रतिवेदन तथा अन्य विवरण गाउँपालिकामा नपठाएमा गाउँपालिकाले सम्बन्धित धार्मिक संस्थालाई दुई हजार रुपैयाँ जरीवाना गर्न सक्नेछ ।

(३) दफा १० को उपदफा (३) बमोजिम आय व्यय जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई गाउँपालिकाले दुई हजार रुपैयाँ जरीवाना गर्न सक्नेछ ।

(४) दफा ६ बमोजिम गाउँपालिकाको स्वीकृती नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासित गाभेमा वा धार्मिक संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुनेगरी काम कारवाही गरेमा वा गाउँपालिकाले दिएको निर्देशन पालन नगरेमा गाउँपालिकाले त्यस्तो संस्थाको दर्ता निलम्वन गर्न वा खारेज गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम धार्मिक संस्था खारेज गर्नु अघि गाउँपालिकाले त्यस्तो संस्थालाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

**२४. पुनरावेदनः** दफा ११ बमोजिम गाउँपालिकाले गरेको अन्तिम निर्णय उपर पैंतीस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

## परिच्छेद ९
## विविध

**२५.आक्षेप गर्न नहुनेः** कुनै पनि धार्मिक संस्था वा व्यक्तिले परम्परा देखि चलिआएको धर्म संस्कृतिको प्रतिकुल हुने गरी कुनै पनि धार्मिक संस्थाको विरोध तथा आक्षेप लगाउन पाईने छैन ।

**२६. धार्मिक संस्थाको भोगाधिकारः** कुनै पनि धार्मिक संस्था स्थापना तथा सञ्चालन गर्नका लागि त्यस्तो धार्मिक संस्थाले प्रयोग गर्ने जग्गाको भोगाधिकार गरेको प्रमाण गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

**२७. प्रतिक्षालय, शौचालय तथा खानेपानीको व्यवस्थाः** यस ऐन बमोजिम दर्ता भएका धार्मिक संस्थाले त्यस्तो धार्मिक संस्थामा आउने सर्वसाधारण नागरिकलाई प्रतिक्षालय,शौचालय तथा खानेपानीको उचित व्यवस्था गर्नुपर्नेछ ।

**२८.छानविन तथा जाँचबुझ गर्न सक्नेः** गाउँपालिकाको अनुमति नदिई अनाधिकृत रुपमा स्थापना तथा सञ्चालन गरेका धार्मिक संस्थाहरुको गाउँपालिकाले छानविन तथा जाँचवुझ गरी आवश्यक निर्णय गर्न सक्नेछ ।

**२९.बार्षिक प्रतिवेदन पेश गर्नु पर्नेः** गाउँपालिका क्षेत्र भित्र रहेका धार्मिक संस्थाहरुको विकास तथा प्रगति सम्बन्धमा भए गरेका विवरणहरुको वारेमा गाउँ कार्यपालिकाको

धार्मिक सम्पदा हेर्ने विषयगत समितिको सहयोग लिई गाउँपालिकाको उपाध्यक्षले गाउँ सभामा वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**३०. परामर्श सम्बन्धी व्यवस्था:** गाउँपालिकाको कार्य क्षेत्रमा पर्ने विषय वा धार्मिक संस्थाको भौतिक संरचनाको जिर्णोद्धार तथा रङरोगन गर्ने विषयमा आवश्यकता अनुसार सञ्चालक समितिले सम्बन्धित विशेषज्ञ वा गाउँपालिकासँग परामर्श गर्नुपर्नेछ ।

**३१. आदेश वा निर्देशन दिनसक्ने**: गाउँपालिका वा वडा कार्यालयले धार्मिक संस्थाको कामकारबाहीको आवश्यक जाँचबुझ गरी वा धार्मिक संस्थाको उद्देश्य अनुरूप कामकारबाही गर्नको लागि सो संस्थको सञ्चालक समितिलाई आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ। त्यसरी प्राप्त भएको आदेश वा निर्देशनको पालना गर्नु सम्बन्धिक धार्मिक संस्थाका विभिन्न समितिको कर्तव्य हुनेछ ।

**३२. समन्वय गर्नुपर्ने:** धार्मिक संस्थाले धार्मिक क्षेत्रको व्यवस्थापन तथा विकास सम्बन्धी कार्यहरू गर्दा नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिका, अन्य विषयसम्बद्ध निकाय तथा संघसंस्थाका प्रतिनिधि र विशेषज्ञहरूसँग आवश्यकता अनुसार छलफल, अन्तर्क्रिया, रायपरामर्श प्राप्त गर्न आवश्यक समन्वय गर्न सक्नेछ।

**३३. अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्था :** (१) गाउँपालिकाले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार त्यस्तो धार्मिक संस्था वा गाउँपालिकाको सम्बन्धित शाखालाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(२) संस्थाले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार सम्बन्धित धार्मिक संस्थाको अध्यक्ष वा कुनै सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**३४ . नियम बनाउने अधिकारः-** यो ऐनको उद्देश्य कार्यान्वयनका लागि कार्यपालिकाले आवश्यक नियम, कार्यविधि, निर्देशन, मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

**३५. पुनः दर्ता हुनुपर्नेः** प्रचलित नेपाल कानून बमोजिम वा प्रदेश कानून बमोजिम दर्ता भएको धार्मिक संस्थाले यस पालिका भित्रको कुनै कार्यक्षेत्र बनाई काम गर्न चाहेमा सो संस्थाको

कार्यसमितिको निर्णयका साथमा आफू दर्ता भएको प्रमाणपत्र र धार्मिक संस्थाको विधानको एक प्रति संलग्न राखी यो ऐन बमोजिम दर्ता हुनुपर्नेछ।

**३६. संस्थाको नविकरणः** धार्मिक संस्थाको नविकरण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**३७.स्वतः वदर हुनेः** यस ऐन वा यस ऐनमा उल्लेख गरिएका कुनै दफा उपदफाहरु संघ तथा प्रदेश कानूनसँग बाँझिएमा बाँझिएको हदसम्म स्वत:वदर भएको मानिनेछ।

**३८. व्याख्याः-** यो ऐनको कुनै दफा वा उपदफाको व्यख्याका सम्बन्धमा कुनै विवाद उत्पन्न भए गाउँपालिकाले आवश्यक निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ।

**३९. बचाउः** यो ऐन लागू हुनु पूर्व गुठी ऐन तथा संस्था दर्ता ऐन २०३४ वमोजिम दर्ता भई सञ्चालनमा रहेका धार्मिक संस्था दर्ता हुँदाका बखत स्वीकृत विधान बमोजिम सञ्चालन गर्न यस ऐनको कुनै दफाले बाधा पुऱ्याएको मानिने छैन।

आज्ञाले
राजिव पन्थी
प्रमुख प्रशासकीय अधिकृत